सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र,बाजुरा

मार्तडी, नेपाल

पत्र संख्याः २०८२/८३

मितिः २०८२/१०/०७

च.न

**बिषयः कृषि यान्त्रीकरण अनुदानका लागी आपूर्तिकर्ताबाट सिलबन्दी दररेट पेश गर्ने सम्बन्धी सूचना ।**

**दोश्रो पटक प्रकाशित मितिः२०८२/१०/०७**

यस कार्यालयको आ.व. २०८२/०८३ को स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषि यान्त्रीकरण अनुदान परिचालन कार्यविधि २०७६ प्रथम संसोधन २०७७ अनुसार कार्यालयबाट कृषि यान्त्रीकरण कार्यक्रम संचालन गर्न ५० प्रतिशत अनुदानमा तपशिल बमोजिमका कृषि औजार उपकरणहरु वितरण गर्नुपर्ने भएकोले के कति दरभाउमा आपूर्ति गराउन सकिने हो ? सो सम्बन्धी सिलबन्दी दररेट प्रस्ताव पेश गर्न सार्बजनिक खरिद ऐन तथा नियमावली र अन्य सम्वन्धित कानुनको परिधि भित्र रही आपूर्ति गर्न ईच्छुक ईजाजत प्राप्त कृषि औजार उपकरण उत्पादक/आपूर्तिकर्ता/फर्महरुले कार्यविधिको अनुसूची ३ अनुसारको फाराम भरी यो सूचनामा उल्लेखित शर्तहरुको अधिनमा रही सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं (२०८२/१०/२१) दिनको १२:०० बजे भित्र र उक्त दिन सार्बजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिन यस कार्यालयमा सिलबन्दि दररेट प्रस्ताव दर्ता गर्न यो सूचना प्रकाशित गरिएको छ ।सूचना प्रकाशित भएको मितिले १० औं दिन मिति (२०८२/१०/१६) मा Pre-Proposal Clarification Meeting हुनेछ,साथै उक्त बैठक संचालन नभएमा पनि सूचनालाई कुनै बाधा हुने छैन।

<u>सामग्रीहरुको विवरणः</u>

१.मिनिटिलर

२. मिनि मल्टिक्रप थ्रेसर

जसिराम साहनी
नि. कार्यालय प्रमुख

<u>आवस्यक शर्त तथा कागजातहरुः</u>

१. दरभाउ पेश गर्दा रू.१० को टिकट टाँस गरि निवेदन साथ फर्म दर्ता प्रामाण साथ फर्म दर्ता प्रामाण – पत्र संस्था नवीकरण प्रमाण पत्र वा कम्पनी भएमा कम्पनी अधावधिक भएको पत्र, पछिल्लो ३ आ.व. को लेखा परिक्षण प्रतिवेदन आ.व. ०८१/०८२ को करचुक्ता प्रमाण-पत्र वा म्याद थप भएको पत्र, फर्मको व्यवसाय ईजाजत पत्र, मु.अ.कर दर्ता प्रमाण-पत्र, आधिकारिक डिलरको वा सर्बिस सेन्टरको दर्ता, PAN वा VAT प्रमाण पत्र र सम्झौता पत्रको प्रमाणित (नोटरी पब्लीकबाट) प्रतिलिपि हरु राखी पेश गर्नु पर्नेछ ।

२. प्रस्ताव फाराममा यन्त्र उपकरणको स्पेशिफिकेसन समेत खुलाई नेपाली रुपैया प्रति ईकाइ मुल्य दर अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ,अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।



Scanned with CamScanner

सुदूरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र,बाजुरा

मार्तडी, नेपाल

३. आपूर्तिकर्ताले आपूर्ति गर्न खोजेको यन्त्र-उपकरणको मोडेल र ब्राण्डहरुको आधिकारीक टेष्ट रिपोर्टको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ ।

४. प्रामाण साथ औजार उपकरण उत्पादक कम्पनिको आधिकारीक विक्रेता तथा एजेन्ट (Authorized Agent)/डिलरसिप रहेको प्रमाण-पत्र पेश गर्नुपर्नेछ ।

५. कृषि औजार उपकरणहरुको Specification,ब्रान्ड ,मोडल,उत्पादक कम्पनि र देश खुल्ने Catalogue,Leaflet वा Brochure अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

६. स्विकृत कृषि औजार उपकरणहरको परिमाण कृषि ज्ञान केन्द्र सम्म पुर्याउने जिम्वेवारी आपूर्तिकर्ताको हुनेछ ।

७. पेश भएका प्रस्तावहरु यो सूचना प्रथम पटक प्रकशित भएको १५औं (२०८२/१०/१६) दिनको २:०० बजे यस कार्यालयमा प्रस्तावदाता प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ ।तर प्रस्तावदाता प्रतिनिधिहरु उपस्थित नभए पनि प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन ।

८. यो सूचना वमोजिम उपलब्ध गराउने उपकरणहरुको कुल मुल्यको २.५% हुन आउने रकमको "क" वर्गको बाणिज्य बैक बाट जारी भई २०८३ श्रावण मसान्त सम्म म्याद भएको वैंक ग्यारेन्टी वा सो बराबरको रकम नगद धरौटी प्रदेश लेखा ईकाई बाजुराको धरौटी खाताः ४०७०१००२०२०३०००० कृषि ज्ञान केन्द्र वाजुराको कार्यालय कोड ३१२०१६९०१७ मा जम्मा गरेको सक्कल वैंक भौचर पेश गर्नु पर्नेछ ।

९. सूचना प्रकाशित भई सके पछी यदि कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि,२०७६ प्रथम संसोधन २०७७ संसोधन तथा परिमार्जन भएमा संसोधित कार्यविधि बमोजिम कार्यक्रम संचालन गरिनेछ ।

१०. प्रचलित कानुन र शर्त अनुसार प्रस्ताव आंशिक वा पूर्ण रुपमा स्विकृत वा अस्विकृत गर्ने अधिकार यस कार्यालयमा रहनेछ ।

११. प्रस्ताव बुझाउन आउने वा प्रस्तावमा हस्ताक्षर गर्ने अधिकारिक व्यक्तिलाई आपूर्तिकर्ताले अख्तियारिनामा दिएको हुनु पर्नेछ

१२. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

१३. आवस्यक अनुसूची specification यस कार्यालयको वेसाइट https://bajura.akc.gov.npवाट डाउनलोड गर्न सकिनेछ।

जसिराम साहनी
नि. कार्यालय प्रमुख



Scanned with CamScanner